पोखरा उपत्यका साइडसिन घुम्न जाऔं

घुमाउने ठाउँहरू

बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।

गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्कः ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १०८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ बैशाख १८ गते बिहीबार ❑ 1 May 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## सरकार र शिक्षक महासंघबीच भएको नौबुँदे सहमति

**रासस**
काठमाडौं, १७ बैशाख

सरकार र शिक्षक महासङ्घबीच नौबुँदे सहमति भएको छ।

सरकारका तर्फबाट शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त र महासङ्घका प्रतिनिधिबीच भएको वार्तापछि नौबुँदे सहमति भएको हो । शिक्षामन्त्री पन्तका अनुसार शिक्षकहरूको स्वास्थ्य उपचारका सम्बन्धमा काठमाडौँको निजामती अस्पतालमा सम्पूर्ण शिक्षक तथा विद्यालय कर्मचारीलाई सहुलियत उपलब्ध गराउने व्यवस्था गर्ने सहमति भएको छ।

अस्थायी प्रकृतिका शिक्षक, राहत, अस्थायी, साविक उमावि, सिकाइ अनुदान, प्राविधिक धार, विशेष शिक्षा र बालविकास सहजकर्ताको बिरामी बिदा सञ्चित हुने र सोबापतको रकम अवकाश भएका बखतमा एकमुष्ट प्राप्त गर्ने जनाइएको छ।

प्रारम्भिक बालविकास सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिकका सम्बन्धमा नेपाल सरकारबाट तोकेबमोजिम व्यवस्था गर्ने, आगामी आर्थिक वर्ष २०८२/८३ बाट स्थायी शिक्षकमध्ये प्राथमिक तृतीय, प्राथमिक द्वितीय, निम्न माध्यमिक तृतीय र माध्यमिक प्रथम श्रेणीका शिक्षकका लागि निजामती सरह ग्रेड सङ्ख्या र रकम कायम गर्ने सहमतिमा उल्लेख छ। स्थायी तथा अस्थायी प्रकृतिका कोटा (राहत, अस्थायी, करार साविक उमावि, प्राविधिक धार र विशेष शिक्षा) का सबै शिक्षकले प्रचलित कानुनबमोजिम दुर्गम भत्ता पाउने व्यवस्था गर्ने, सामुदायिक विद्यालयमा कार्यरत निजी स्रोतका शिक्षक तथा कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्न नियमावलीमा व्यवस्था गर्ने समति भएको छ।

नेपाल सरकारको मर्यादाक्रम सूचीमा शिक्षकहरूलाई समावेश गर्ने, नेपाल शिक्षक महासङ्घको आन्दोलनका क्रममा घाइते भएका सम्पूर्ण शिक्षक, सुरक्षाकर्मी, कर्मचारी तथा पत्रकारहरूको सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्ने तथा निम्न माध्यमिक तह प्रथम श्रेणी का शिक्षकको तलब तथा ग्रेड माध्यमिक द्वितीय श्रेणीका शिक्षकसरह हुनेगरी कायम गर्ने सहमति भएको छ।

उक्त सहमतिलाई आज बसेको मन्त्रिपरिषद्को बैठकले अनुमोदन गरेको शिक्षामन्त्री पन्तले पत्रकार सम्मेलनमार्फत जानकारी दिनुभयो । उहाँले शिक्षक महासङ्घले भोलि बिहीबारदेखि सङ्घर्षका सबै कार्यक्रम फिर्ता लिएर विद्यालय सञ्चालन गर्ने बताउनुभयो। मन्त्री पन्तले यो सहमति निर्माणमा सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्नुभयो।

पत्रकार सम्मेलनमा गृहमन्त्री रमेश लेखकले कक्षा १२ को परीक्षा वैशाख २१ गतेदेखि सुरू हुने भएकाले त्यसलाई सफल बनाउनतिर लाग्न सबै शिक्षकसँग आग्रह गर्नुभयो।

शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले सरकारसँग भएको नौबुँदे सहमतिसँगै आजकै मितिदेखि आमशैक्षिक हड्ताल फिर्ता लिएर विद्यालय भर्ना, परीक्षा सञ्चालनलगायत गतिविधि सुरू गर्न शिक्षक कर्मचारीलाई आग्रह गर्नुभयो।

उहाँले वार्तामा सहजीकरण गरिदिने विभिन्न राजनीतिक दलका नेता, मन्त्रीहरू, पत्रकार, विभिन्न पेसा व्यवसायका प्रतिनिधिलाई आभार प्रकट गर्नुभयो। सडक सङ्घर्षमा खटिने सम्पूर्ण शिक्षक, कर्मचारीलाई धन्यवाद दिनुभयो । अध्यक्ष सुवेदीले तोकिएकै समयमा माग सम्बोधन नभएको पुनःसङ्घर्षमा जान बाध्य हुने बताउनुभयो।

विद्यालय शिक्षा विधेयक शिक्षा जारी गराउने उद्देश्यले सडक सङ्घर्ष गरिएको भन्दै उहाँले यो ऐनलाई आगामी असार १५ गतेसम्म प्रतिनिधिसभाबाट पारित हुनेगरी समझदारी बनेको बताउनुभयो। शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति र प्रमुख दलका प्रमुख सचेतकहरूबीच हस्ताक्षर भएको जनाइएको छ। शिक्षक महासङ्घले विसं २०८१ चैत २० देखि काठमाडौं केन्द्रित सडक आन्दोलन गर्दै आएको थियो।

## प्रविधिको बढ्दो प्रयोगसँगै साइबर सुरक्षातर्फ गम्भीर बन्नुपर्छः प्रदेश प्रमुख भट्ट

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

गण्डकी प्रदेशका प्रमुख डिल्लीराज भट्टले सूचना प्रविधिको बढ्दो प्रयोगसँगै साइबर सुरक्षातर्फ गम्भीर बन्नुपर्ने बताउनुभएको छ।

आठौं राष्ट्रिय सूचना तथा सञ्चार प्रविधि दिवसको पूर्वसन्ध्यामा कम्प्युटर एशोसियसन नेपाल महासंघ कास्कीले आयोजना गरेको 'डिजिटल ट्रान्सफर्मेशनः साइबर सेक्युरिटी एण्ड एआई' विषयक सेमिनारमा प्रमुख अतिथि रहनुभएका भट्टले प्रविधिको प्रयोग गर्दा साइबर सुरक्षाको खतरा पनि उत्तिकै रहेको बताउनुभएका हो।

सूचना प्रविधिको विकास र प्रयोगमार्फत् मुलुकको सामाजिक–आर्थिक रुपान्तरण गर्ने योजनामा सरकार लागिपरेको भन्दै उहाँले यो डिजिटल युगमा सूचना प्रविधिको माध्यमबाट समृद्धिको आधार तयार गर्न सकिने उल्लेख गर्नुभयो। 'कृषि, पर्यटन र ऊर्जालाई समृद्धिका आधार भनिरहँदा प्रविधिको क्षेत्रमा भएको द्रूततर विकासले पछिल्लो समय सूचना प्रविधि पनि प्रमुख आधारका रुपमा थपिएको छ। प्रविधिपोख्त युवाका माध्यमबाट सञ्चार तथा सूचना प्रविधिको अधिकतम उपयोग गरेर राष्ट्रलाई विकासको बाटोमा अग्रसर गराउन सकिन्छ।' उहाँले भन्नुभयो। नेपाल डिजिटल अर्थतन्त्रतर्फ तीव्र गतिमा अघि बढिरहेको सन्दर्भमा




देशभित्र साइबर सुरक्षा र डिजिटल फरेन्सिकको ठूलो आवश्यकता रहेको उल्लेख गर्दै उहाँले थप्नुभयो – 'आज शिक्षा, स्वास्थ्य, बैंकिङ, उद्योगदेखि सरकारी सेवा तथा प्रशासन डिजिटल प्रविधिमा रुपान्तरण भइरहेको छ। साइबर सुरक्षा र कृत्रिम बौद्धिकताजस्ता प्रविधिहरू अब प्रविधि विज्ञहरूको लागि मात्र नभई आम नागरिकका लागि समेत आवश्यक ज्ञान बनिसकेको छ।' राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० जारी भइसकेको उल्लेख गर्दै उहाँले एआईको प्रयोग तथा अभ्यास सम्बन्धी अवधारणापत्र तयार गरी राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स नीति २०८१ को मस्यौदामाथि छलफल भइरहेको जनाउनुभयो। भट्टले अहिले विज्ञान प्रविधिको क्षेत्रमा अभूतपूर्व रूपले एआईको प्रयोग हुँदै आएकोमा यसको प्रयोग नैतिक, जिम्मेवार र पारदर्शी हुन आवश्यक रहेकोमा जोड दिनुभयो। 'साइबर सुरक्षा, डाटा सुरक्षण र गोपनीयताका विषयलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने आवश्यकता छ।

विश्वव्यापी रुपमा एआईको विकास र प्रयोग बढ्दै गए पनि नेपालमा यसम्बन्धी कुनै नीति र कानुन नभएकाले यस सम्बन्धी आवश्यक नीति र कानुन निर्माणको आधार तय गर्न नै यो कदम चालिएको हो।' उहाँले भन्नुभयो। कार्यक्रम क्यान महासंघ, कास्कीका अध्यक्ष पुरुषोत्तम कुवँरको अध्यक्षतामा भएको थियो।

नेपालमा यस वर्षपनि मे २ तारिखका दिन "सूचना प्रविधिको अभियान, डिजिटल नेपालको निर्माण" नाराका साथ आठौं आईसिटी दिवस मनाइँदैछ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अगुवाईमा हरेक वर्ष विशेष कार्यक्रम हुने गर्दछ।

## कास्कीको रूपा गाउँपालिकाको न्यायिक समितिमा ८ वर्षमा १०६ मुद्दा दर्ता

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




कास्कीको रूपा गाउँपालिकामा विगत ८ बर्षको अन्तरालमा १०६ मुद्दा न्यायिक समितिमा दर्ता भएका छन्।

पालिका स्थापना भएदेखि हालसम्म करिव ८ वर्षको अबधिमा न्यायिक समितिमा दर्ता भएका १०६ मुद्धा मध्य ७७ वटा मेलमिलापबाट टुंगो लागेको पालिकाले बुधबार पालिकामा आयोजित एक कार्यक्रम मार्फत जानकारी गराएको हो । जसमध्ये १६ वटा मुद्दाको निरूपण/फैसला भएका छन भने ४ मुद्धा फिर्ता, तामेलीमा ३ र ४ मुद्धा प्रक्रियामा रहेको न्यायिक समिति संयोजक रूपा गाउँपालिका उपाध्यक्ष लालसुब्बा गुरूङले बताउनु भयो।

बुधबार गाउँपालिकामा आयोजित रूपा गाउँपालिका न्यायिक समितिद्वारा सम्पादित कार्यहरू तथा भावी कार्ययोजना विषयक सरोकारवाला र पत्रकारसंग सम्वाद कार्यक्रममा बोल्दै उनले आफुहरुले धेरै भन्दा धेरै सचेतना कार्यक्रमहरु गरेका कारण पछिल्लो समयमा मुद्धा मामिला निकै कम हुने गरेको उहाँले जनाउनु भयो।

रुपा सहित ७० वटा पालिकाले कानुनी सहजकर्ता पाएको उल्लेख गर्दै संयोजक गुरूङले रूपाले पनि कानुनी सहजकर्ता प्राप्त गरेपछि न्यायिक समितिलाई काम काजमा धेरै सहज भएको उहाँको भनाई थियो। पति पत्नी बिचको सम्बन्ध बिच्छेद सम्बन्धि २१ मुद्धा परेको समितिले जनाएको छ। कार्यक्रमका प्रमुख अतिथि रूपा गाउँपालिकाका अध्यक्ष नवराज ओभ्हाले आफ्नो पालिकामा न्यायिक समितिले राम्रो काम गरेको प्रशंसा गर्दै पालिकालाई न्याय निरूपणमा सशक्त बनाउन विभिन्न सचेतनामुलक अन्तरक्रियात्मक कार्यक्रमहरू निरन्तर रुपमा हुदै आएको दाबी गर्नुभयो। पहिलो कार्ययकालमा बाटो, पानी र पूर्वाधारमा जोड दिएको उल्लेख गर्दै उहाँले पालिका हाल, धान, मासु, अण्डा र दूधमा आत्मनिर्भर बनेको उल्लेख गर्नुभयो।

पालिकाले देशकै नमुना मौरी पकेट क्षेत्र बनाउने अभियान सुरु गरेको अध्यक्ष ओभ्हाले बताउनु भयो । दुई हजार एक सय माहुरीको घार ल्याइएको र २ सय ५० परिवार पूर्ण व्यवसायीक मौरी पालक किसान रहेको उहाँले बताउनु भयो । ८ हजार लिटरबाट रूपामा अहिले वार्षिक ३५ हजार लिटर मह उत्पादन हुने भएको जानकारी दिनुभयो । पालिकामा धेरै सचेतना मुलक कार्यक्रम गर्नको लागि चालु आर्थिक बर्षमा मात्र १८ लाख बजेट विनियोजना गरिएको अध्यक्ष ओभ्हाले बताउनु भयो।

न्यायिक सहजकर्ता अमिन परियारले समितिले गरेको कार्यप्रगतीको साथमा भावी कार्यक्रमको प्रस्तुती राख्नु भएको थियो । कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय सदस्य अधिवक्ता सरिता तिमिल्सिना पंगेनी, प्रेस क्लव गण्डकीका अध्यक्ष एकराज गिरी र न्यायिक समिति सदस्य बुद्धिमाया गुरूङ लगायतले न्यायिक समितिमा आएका मुद्धा सकेसम्म मेलमिलाप गर्न सुझाव दिनुभयो।


## हावाहुरीबाट जोगिने उपाय

- घरको संरचना बलियो बनाओं,
- हावाहुरी चल्न थाले झ्यालढोका बन्द गरौं,
- छानालाई चोया, तार, काठ, हुकलगायतका सामग्रीको प्रयोग गरेर बलियो पारौं,
- जस्तापातालगायतका सामग्रीहरू खुला र जथाभावी नराखौं.
- हावाहुरी चलेको बेला भागदौड नगरौं,
- सवारी साधन चलाएको बखत हावाह्री चले रोकेर सुरक्षित स्थानमा बसौं,
- पैदल यात्रामा रहेको समयमा हावाहुरी चलेमा र ओत नभेटेमा थुचुक्क बसेर दुबै हातले टाउँको छोपी घोप्टो परौं।

*हावाहुरी रोक्न सकिदैंन, तर पूर्वतयारी गर्दा हावाहुरीबाट हुने क्षति कम गर्न सकिन्छ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नेपाल धार्मिक पर्यटनको सम्भावना भएको देश हो : उपप्रधानमन्त्री सिंह

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १७ बैशाख



नेपाल सरकारका उपप्रधानमन्त्री एवम् सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेपाल धार्मिक पर्यटनको सम्भावनाको देश भएको बताएका छन् ।

स्याङ्जाको वालिङमा श्रीमद् भागवत सप्ताह ज्ञान तण्डुलाचल तथा धार्मिक अनुष्ठानको शुभारम्भ गर्दै उपप्रधानमन्त्री सिंहले पर्यटनको विकासमा धार्मिक क्षेत्रको संरक्षण र सम्वर्द्धनमा लाग्नुपर्ने बताएका हुन् । नेपालमा धार्मिक पर्यटनको राम्रो सम्भावना रहेको भन्दै उपप्रधानमन्त्री सिंहले समाजलाई व्यवस्थापन गर्न धर्मले महत्वपुर्ण भुमिका खेल्ने बताए । धर्मले मानिसलाई संस्कार र संस्कृति सिकाउँछ उनले भने,' गर्न हुने र गर्न नहुने काम आफै छुट्याउन भुमिका खेल्छ ।' आफै निर्णय गर्न सक्ने धर्मलाई जोगाइराख्न यस्ता महायज्ञको भुमिका महत्वपुर्ण छ उनले भने ।

समाजलाई सकरात्मक बाटोमा हिडाउन धर्मले भुमिका खेल्ने उल्लेख गर्दै मन्त्री सिंहले नकरात्मक समाज हटाउन धार्मिक क्रियाकलाप बढाउनुपर्ने बताए । शहरी विकास मन्त्रालयको नेतृत्व सम्हालेका मन्त्री सिंहले पूर्वाधार विकासमा सरकारको प्राथमिकता रहेको बताए । लामो समयदेखी स्तारोन्नतीको माग राख्दै आएका स्याङ्जावासीका लागि सिद्धार्थ राजमार्गको स्त्तरोन्नतिको आउने आर्थिक बर्षदेखी शुरु हुने बताए ।

राजनीतिक परिवर्तनमा स्याङ्जासँग आफ्नो पुरानो साइनो रहेको भन्दै आफ्ना बुवा, कृष्णप्रसाद र गिरिजाबावुको स्मरण गरे । यो साइनो भएकै कारण जिल्लाको विकासका लागि आफ्नो सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । महायज्ञ शुभारम्भका अवसरमा संघिय सांसद राजु थापाले सिद्धार्थ राजमार्गको स्त्तरोन्नति भएमा धार्मिक पर्यटक भित्राउन सहज हुने धारणा राखेका थिए । जिल्लामा धेरै धार्मिक पर्यटकीय क्षेत्र रहेको भन्दै सांसद थापाले यिनीहरूको संरक्षण र प्रचारप्रसारमा सबैले ध्यान दिनुपर्नेमा जोड दिए । यस्तै गण्डकी प्रदेश सभाका सांसदहरू सरस्वती तिवारी र महेश भट्टराई पूर्व सांसद मेखलाल श्रेष्ठ, भागवतप्रकाश मल्ल, समाजसेवी तथा उद्योगी डोलराज शर्मा पंगेनी, वालिङ नगरपालिकाका उपप्रमुख कविता तिवारी गैह्रे, खगेन्द्रप्रसाद अर्याल, भूपराज बगाले लगायतले धर्मसंस्कार र महायज्ञको बारेमा आ–आफ्नो धारणा राखेका थिए । स्याङ्जाको वालिङमा रहेको केदारनाथ क्षेत्रलाई शिव धाम निर्माण गर्ने योजनाका साथ वालिङमा महायज्ञ सुरु गरिएको हो । योगी नरहरि नाथलेद्वारा नामाकरण गरिएको वालिङ नगरपालिका-८ को केदारनाथ मन्दिरलाई स्त्तरोन्नति गरी धाम निर्माण गर्ने दीर्घकालीन योजना रहेको महायज्ञ आयोजक समितिका संयोजक दिलिपप्रताप खांणले बताए । सिद्धार्थ राजमार्गसँगै रहेको मन्दिरलाई धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने आयोजकको भनाइ छ । उपप्रधानमन्त्री सिंहले केदारनाथ मन्दिर तथा प्रसिद्ध धार्मिक पर्यटकीय क्षेत्र गह्रौंसुरमा रहेको कालिका मन्दिरको समेत दर्शन गरेका थिए । वैशाख २३ गतेसम्म सञ्चालन हुने महायज्ञले वालिङमा केदारनाथ धाम स्थापनाका लागि आधार तयार गर्ने आयोजकको दावी छ ।

# नवौं पोखरा स्पोर्ट्स अवार्डका लागि ४ विद्यामा मनोनयन सार्वजनिक

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




'नवौं पोखरा स्पोर्ट्स अवार्ड २०८१' को लागि ४ विद्यामा मनोनयन सार्वजनिक भएको छ ।

बुधबार पोखराको लेकसाइडस्थित बुमऱ्याङरेष्टुरेण्टमा आयोजित पत्रकार सम्मेलनमा स्पोर्टस् अवार्डको ४ विद्याको मनोनयन आयोजक संस्था नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले सम्मेलन मार्फत सार्वजनिक गरेको हो । अवार्ड अन्तरगत वर्ष सर्वोत्कृष्ट खेलाडी पुरुष र महिला, वर्ष उदीयमान वर्ष खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक विधाका मनोनयनमा पर्न सफल ३/३ जना खेलाडीको नाम सार्वजनिक गरिएको छ ।

यही वैशाख २६ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने अवार्डअन्तर्गत मनोनयनको वर्ष खेलाडी पुरुषतर्फ वर्ष सर्वोत्कृष्ट पुरुष विधामा भलिबलका विश्वास अधिकारी (नवलपुर), टेनिसका प्रदीप खड्का (कास्की) र फुटबलका सुमित श्रेष्ठ (कास्की) मनोनयनमा परेका छन् । त्यस्तै, वर्ष सर्वोत्कृष्ट महिला खेलाडी विधामा भलिबलकी अरुणा शाही (कास्की), फेन्सिङकी कृपा गुरुङ (स्याङ्जा) र आईटिएफ तेक्वान्दो/मुआथाईकी सुस्मिता थापा मगर (बागलुङ) परेका छन् ।

त्यसैगरि वर्ष उदीयमान खेलाडीमा एथ्लेटिक्सका बादल कार्की (बागलुङ), भलिबलका जितबहादुर सार्की (स्याङ्जा), र क्रिकेटकी रचना चौधरी (कास्की) मनोनयनमा परेका मञ्चले जनाएको छ । यसैगरी वर्ष उत्कृष्ट प्रशिक्षक विधामा टेनिसका निरज थापा (कास्की), भलिबलका रमेश केसी (स्याङ्जा) र फुटबलका राजेन्द्र तामाङ (कास्की) मनोनयनमा परेका छन् । मनोनयन सार्वजनिक कार्यक्रममा पूर्व अन्तरर्ाष्ट्रिय बक्सिङ खेलाडी तथा पर्यटन व्यवसायी गणेश बहादुर भट्टराईले युवा विदेश पलायन हुँदा नेपालमा युवा नपाईने अवस्था आएको र खेलकुद क्षेत्रमा समेत यसले ठूलो असर पारेको बताए । देशको आर्थिक अवस्थानै खराब भैरहेको अवस्थामा अवार्डको पुरस्कार राशि वृद्धी गर्न नसकिएको जानकारी दिँदै मञ्चका अध्यक्ष एमबि आस्था मगरले अवार्डमा साथ दिन सबैमा आग्रह गरे । कार्यक्रममा एन्फा गण्डकीका सहायक प्रमुख विनोद गुरुङ, जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङलगाएतले शुभकामना मन्तव्य राखेका थिए । नवौं संस्करणको यो अवार्डमा गण्डकी प्रदेश सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश खेलकुद परिषद गण्डकी र पोखरा महानगरपालिकाको विशेष सहयोग रहेको छ । त्यस्तै उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट प्रशिक्षक पुरस्कार टाईगर ग्रुप अफ पोखरा नेपाल, उत्कृष्ट खेलकुद संस्था पुरस्कार निट डेन्टल केयर प्रालि र लाइफटाइम अचिभमेन्ट अवार्डको प्रायोजन सिटीजन फर्निचरले गर्नेछ । त्यसैगरि भूतपूर्व खेलाडी मञ्च नेपाल, जिल्ला एथ्लेटिक्स संघ कास्की, मदन भण्डारी स्पोर्टस् एकेडेमी, हेमबहादुर पुन स्मृति प्रतिष्ठान नेपाल, बुमऱ्याङ रेष्टुरेण्ट, एन्फा गण्डकी, पोखरा पिज्जा हाउस, सोल्टी पिउने पानी र यती एयरलाईन्सले समेत सहयोग घोषणा गरिसकेका छन् ।

खेलाडी तथा खेल क्षेत्रमा क्रियाशीललाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्टस् अवार्ड गर्दै आइरहेको छ । अवार्ड कार्यक्रम मार्फत वर्ष खेलाडी पुरुष, वर्ष खेलाडी महिला, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उदीयमान खेलाडी, लाइफटाइम अचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट खेलकुद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट खेल पत्रकारलाई अवार्ड प्रदान गरिदै आएको मञ्चले जनाएको छ । नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्थाको रुपमा परिचित छ ।

# प्रथम लायन्स कप भलिबल पहिलो खेल इरानी टोली र एपिएफबिच हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




पोखरामा बिहीबारदेखि प्रथम लायन्स कप राष्ट्रिय तथा अन्तरर्ाष्ट्रिय आमन्त्रित पुरुष भलिबल प्रतियोगिता सुरु हुँदैछ ।

लायन्स इन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एम नेपालको आयोजनामा पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा हुने प्रतियोगिताको उद्घाटन खेल इरानको इरानी भलिबल टिम र नेपालको शसस्त्र प्रहरी बल (एपीएफ) बिच हुनेछ । उक्त खेल दिउँसो २ बजेबाट सुरु हुनेछ । त्यसपछि भारतीय टिम र नेपाल पुलिस क्लबबिचको खेल हुने आयोजकले जनाएको छ । त्यसअघि मध्यान्ह १२ बजे प्रतियोगिताको उद्घाटन समारोह हुनेछ । उक्त समारोहको प्रमुख अतिथि पोखरा महानगरपालिकाका मेयर धनराज आचार्य हुने आयोजकले जनाएको छ । प्रतियोगितामा सहभागी ६ टोलीलाई दुई समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा इरानी टोली, एपीएफ र गण्डकी प्रदेश छन् । भने समूह 'बी' मा भारतीय टोली, त्रिभुवन आर्मी क्लब र नेपाल पुलिस क्लब छन् ।

दुवै समूहका शीर्ष दुईदुई टोलीले सेमिफाइनल खेल्नेछन् । पहिलो दिनको खेलका लागि ३ सय टिकट दर कायम गरिएको छ । दोस्रो र तेस्रो दिनका लागि पनि ३ सय टिकट दर कायम हुँदा चौथो दिन अर्थात सेमिफाइनल खेलका लागि ४ सय र फाइनल खेलका लागि ५ सय टिकट दर तोकिएको छ । इन्डोर हलमा २५ सयदेखि ३० हजार सिट क्षमता रहेको लायन्सका डिष्ट्रिक्ट गभर्नर चण्डीप्रसाद अर्यालले जानकारी दिए । प्रतियोगिताको विजेताले ४ लाख ४४ हजार ४४४ र उपविजेताले २ लाख ४४ हजार ४४४ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र पाउने आयोजकले जनाएको छ । तेस्रो हुने टोलीले १ लाख ४४ हजार ४४४ पाउनेछ । सर्वोत्कृष्ट खेलाडीलाई १४ हजार ४४४ र विधागततर्फ उत्कृष्ट हुनेलाई समान ८ हजार ४४४ रुपैयाँ प्रदान गरिने डिष्ट्रिक्ट गभर्नर अर्यालले बताए । लायन्सको माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भलिबलको प्रवर्द्धन र अन्तरर्ाष्ट्रिय सम्बन्ध विस्तार गर्ने लक्ष्य राखिएको अर्यालले उल्लेख सुनाए । प्रतियोगिता अनुमानित बजेट ८० लाख रहेको र प्रायोजकहरु र टिकट विक्रीबाट उक्त रकम उठाउने आयोजकले जनाएको छ । लायन्स क्लबको स्थापना अन्तर्राष्ट्रियस्तरमा १०७ वर्ष र नेपालमा ५३ वर्ष पूरा भएको परिप्रेक्ष्यमा नेपालको राष्ट्रिय खेल भलिबलाई प्रवर्द्धन गर्ने उद्धेश्यले यो प्रतियोगिता आयोजना गर्न लागिएको डिष्ट्रिक्ट गभर्नर अर्यालले जानकारी दिए ।

# पोउवा संघमा सिन्धुपाल्चोकको प्रतिनिधिमण्डल

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख




पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले आउँदो आर्थिक वर्ष २०८२/०८३ को बजेट निजी क्षेत्र तथा लगानीमैत्री होस् भन्ने कामना गरेका छन् ।

सुस्ताएको अर्थतन्त्रलाई गति दिने खालका नीति तथा कार्यक्रमले मात्र निजी क्षेत्र उत्साहित हुने उनको धारणा छ ।

पोखरा भ्रमणमा रहेको सिन्धुपाल्चोक उद्योग वाणिज्य संघको प्रतिनिधिमण्डलसँग बुधबार भएको अन्तर्क्रियामा बोल्दै अध्यक्ष कार्कीले पोखराको पर्यटन उद्योगलाई चलायमान बनाउने खालका कार्यक्रमको अपेक्षा राखिएको पनि बताए । पोखरा उद्योग वाणिज्य संघले यहाँको शिक्षा, स्वास्थ्य,पर्यटनको विकास तथा कृषिको व्यावसायिकरणका निम्ति निरन्तर पैरवी गर्दै आइरहेको बताउँदै उनले अगाडि भने,'हामी निजी क्षेत्रको हितमात्र हेर्दैनौं, समग्र पोखराको विकासका निम्ति पनि उत्तिकै क्रियाशिल छौं ।' सिन्धुपाल्चोकका व्यवसायीहरुसँग रहेको हिमालपार व्यापारको अनुभव र त्यसको महत्वबारे. संक्षिप्त चर्चा गर्दै अध्यक्ष कार्कीले गण्डकी प्रदेशको कोरोला नाका सुचारु हुँदा समग्र गण्डकी क्षेत्रका व्यवसायीहरुको निम्ति नयाँ सम्भावनाको ढोका खुल्ने धारणा राखे । 'कोरोलामा नेपालतिर खासै भौतिक संरचना बनेका छैनन् तर चीनसँग आयात र निर्यातको काम गर्ने अवसर आउँदै छ ।' कार्यक्रममा बोल्दै सिन्धुपाल्चोक उद्योग वाणिज्य संघका अध्यक्ष बुद्धराज बस्नेतले अहिले खासा र रसुवा नाकाबाट निर्यातभन्दा बढी आयातमात्र हुने गरेको जानकारी दिँदै आयातमा आधारित अर्थतन्त्रलाई निर्यातमुखी बनाउनुपर्ने धारणा राखे । उनले नेपाल उद्योग वाणिज्य महासंघले .जिल्ला तथा नगर उद्योग वाणिज्य संघका समस्याहरुप्रति बढी ध्यान देओस् भन्ने पोउवा संघका अध्यक्षको भनाइमा समर्थन जनाए । नेपाल उद्योग वाणिज्य महासंघमा जिल्ला नगर उद्योग वाणिज्य संघको समस्या बुझेको व्यक्ति नेतृत्वमा आउनुपर्ने अध्यक्ष बस्नेतको धारणा थियो । पोखरा उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष पवनकुमार प्रजापतिले देशैभरका उद्योगी/व्यवसायीहरु अहिले एउटै समस्याले पीडित भएको बताउँदै सुस्ताएको बजार चलायनमान बनाउन सरकारलाई निरन्तर दबाब दिनुपर्ने धारणा राखे । उनले नेपाल उद्योग वाणिज्य महासंघलाई मोफलसका समस्याप्रति गम्भीर बनाउनका निम्ति जिल्ला तथा नगर उद्योग वाणिज्य संघहरु एकजुट हुनुपर्ने पनि बताए ।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यको धन्यवाद तथा संघका उपमहासचिव सुदीप प्रधानाङ्गको संचालन रहेको कार्यक्रममा संघका वाणिज्यतर्फका उपाध्यक्ष बलराम आचार्य, कोषाध्यक्ष मनोजकुमार श्रेष्ठ, कार्यसमिति सदस्यहरु जीवनकुमार श्रेष्ठ,नविन नापितलगायतको उपस्थिति रहेको थियो ।

# प्रतिभा पहिचानार्थ 'गण्डकी लोकतारा' हुने

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

राष्ट्रिय लोक तथा दोहारीगीत प्रतिष्ठान नेपाल, गण्डकी प्रदेश समितिले लोकगायन प्रतियोगिता 'प्रथम गण्डकी लोकतारा' हुने भएको छ ।

प्रतिभा पहिचानसँगै लोकसङ्गीत जगेर्ना गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको प्रतिष्ठानको गण्डकी प्रदेश कार्यसमितिका अध्यक्ष राजन कार्कीले जानकारी दिनुभयो ।

उहाँका अनुसार मुस्ताङ र मनाङबाहेक प्रदेशका नौ जिल्लामा रहेका प्रतिष्ठानका जिल्ला समितिले आगामी जेठ २० गतेसम्म 'अडिसन' सञ्चालन गरी छनोटमा परेका प्रतिभाको नाम प्रदेश समितिमा पठाउने छन् । "प्रतियोगिताको फाइनल प्रतिस्पर्धा विश्वसङ्गीत दिवसको अवसर पारेर आगामी असार ७ गते पोखरामा आयोजना हुनेछ", उहाँले भन्नुभयो, "निर्णायकमा लोकसङ्गीत क्षेत्रका विशिष्ट व्यक्तित्वहरु रहनुहुनेछ ।" प्रतिष्ठानको प्रदेश कार्यसमितिले पहिलोपटक प्रदेशस्तरीय बृहत् लोकगायन प्रतियोगिता सञ्चालन गर्न लागेको हो । प्रतियोगितामा प्रथम पुरस्कार 'गण्डकी लोकतारा' उपाधिसहित रु ५१ हजार १११, द्वितीयलाई रु ३१ हजार १११, तृतीयलाई रु २१ हजार १११ र सान्त्वना पुरस्कार रु ११ हजार १११ राखिएको छ ।

# नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी रिहा

**रासस**
काठमाडौं, १७ बैशाख

बुधबार दिउँसो पक्राउ परेका नागरिक उन्मुक्ति पार्टी (नाउपा) का संरक्षक रेशम चौधरी रिहा हुनुभएको छ ।

सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयका अधिकृत महिमानसिंह विष्टले लेखेको अनधिकृत पत्रका आधारमा संरक्षक चौधरी पक्राउ गरिएको र अहिले उक्त पत्र अनधिकृत भएको अदालतले जानकारी गराएपछि रिहाई गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक अपिलराज बोहराले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नागरिक उन्मुक्ति पार्टीका संरक्षक चौधरीलाई रिहाइ गरिएको छ । अनधिकृत पत्र लेख्नुहुने सर्वोच्चको फैसला कार्यान्वयन निर्देशनालयका अधिकृत महिमानसिंह विष्टलाई नियन्त्रणमा लिइएरको छ ।"

जनमत र नागरिक उन्मुक्ति पार्टीबीचको बुधबार गरिएको एकता घोषणा कार्यक्रममा सहभागी हुन जाने क्रममा प्रज्ञा भवन परिसरबाट चौधरीलाई पक्राउ गरिएको थियो ।

**Teachers Wanted**

**A computer teacher is urgently wanted for basic level.**

**Contact: 9846029486**
**gurungsameer54@gmail.com**

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशलाई जन्माउँछ। - विदुरनीति

**सम्पादकीय**

# श्रमिक दिवसको शुभकामना

विश्वभरका मजदुरहरुले गरेको सर्घषको इतिहासलाई सम्झेर मे दिवस मनाइने गरिएको छ। १३५ वर्ष पहिला मे १ तारिकका दिन संसार निर्माण गर्ने श्रमिक वर्गले संघर्ष, एकता र वीरताको प्रदर्शन गरेका थिए। आठ घण्टा काम, आठ घण्टा आराम र आठ घण्टा मनोरञ्जन लगायतका माग सहित अमेरिकाको शिकागो शहरमा मजदुरहरुले वलिदानी संघर्ष गरेका थिए। त्यही संघर्षले सफलता हासिल गरेका हुँदा मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसको रुपमा मनाउन थालिएको हो। मे १ मा संसारभरका मजदुरहरुले आफ्ना अधिकार प्राप्तिको लडाइको स्मरण गर्दै आएका छन्। मजदुरले त्यो अधिकार प्राप्त गर्न थुप्रै मजदुरहरुले आफ्नो रगत पसिना बगाएका छन्। त्याग र बलिदानकै प्रतिफल अहिलेको अवस्थामा मजदुरहरुले थप अधिकारका लागि संघर्ष गर्ने माहोल बन्दै गएको छ।

निरंकुश शासनकालमा मजदुरहरुले आफ्ना माग सुनाउन पनि सक्ने अवस्था थिएन। नेपालका श्रमिकहरुले मे १ का दिन लड्दै आएको गौरवपूर्ण इतिहास छ। लोकतन्त्र पछि मे १ का दिन सार्वजनिक विदा दिने अवस्था मजदुरहरुले गरेको आन्दोलनको प्रतिफल हो। नेपालमा निरंकुशतन्त्रको अन्त्य भइ लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। नेपालमा विसं २००३ मा मजदुरहरुले विराटनगरको जुट मिलबाट सुरु गरेको मजदुर आन्दोलनले अन्ततः जहानियाँ राणाशासनलाई घुँडा टेकायो। २००७ सालको प्रजातन्त्र स्थापनापछि पञ्चायती शासन व्यवस्थाको अन्त्य गर्दा होस् या दश वर्षे सशस्त्र संघर्ष वा २०६२/०६३ को जनआन्दोलन गर्दा होस्, नेपालका सबै राजनीतिक परिवर्तनहरूमा नेपाली श्रमिकहरुले पहिलो पडक्तिमा रहेर गरेको योगदान महत्वपूर्ण छ। नेपालमा २०४६ सालपछि मात्र आफ्नो उचाइ लिएको ट्रेड युनियन आन्दोलनले २०७२ को संविधानको धारा ३४ मा श्रमको हकलाई मौलिक हकको रूपमा स्थापित गरेपछि कानुनी रूपमा श्रमिकका आवाजहरू थप व्यवस्थित भएको देखिन्छ। उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकलाई संविधानले सुनिश्चित गरेको छ। प्रत्येक श्रमिकलाई श्रम अभ्यासको हक हुने, ट्रेड युनियन खोल्ने र त्यसमा सहभागी हुने तथा सामूहिक सौदावाजी गर्न पाउने व्यवस्थालाई संविधानले आत्मसात् गरेको छ। श्रमिकका हक, हित र सुविधालाई व्यवस्था गर्न, श्रमिक र रोजगारदाताको अधिकार र कर्तव्यको स्पष्ट व्यवस्था गरी असल श्रम सम्बन्धको विकास गर्न र श्रम शोषणका सबै अवशेषको अन्त्य गर्न श्रम ऐन, २०७४ जारी गरी लागूसमेत गरिएको छ। शिक्षकहरुले ट्रेड युनियन अधिकार पाएका कारण करिब एक महिनादेखि आफ्ना पेशागत अधिकार र सुविधाको माग गर्दै आन्दोलन गरिरहेका छन्। आन्दोलन गरेवापत तलब सुविधा खोसिदैन यो ट्रेड युनियन अधिकारीले गर्दा संभव भएको हो।

श्रमिकको व्यावसायिक तथा पेसागत हक हितलाई संरक्षण र संवर्द्धन गर्न ट्रेड युनियन ऐन, २०४९ लागू गरिएको छ। निजामती सेवा ऐन २०४९ ले पनि ट्रेड युनियनको अधिकारलाई कानुनी रूपमा थप संस्थागत गरेको छ। कर्मचारीहरूको पेसागत हक हित र सुरक्षाका लागि आधिकारिक ट्रेड युनियन खडा गरिएको छ। आइएलओ महासन्धिलाई नेपालले अनुमोदन गरेको छ। केपी शर्मा ओली नेतृत्वको सरकारले सामाजिक सुरक्षाको लागि केही नयाँ कार्यक्रम ल्याएको थियो। मजदुरको दीर्घकालीन हित हेरेर संस्थागत रूपमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प्रबन्ध गरिएको हो। सरकारले सामाजिक सुरक्षा योजना कार्यान्वयन गरेको छ। यसमा सहभागी हुने श्रमिकले अब उप्रान्त औषधोपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना र अशक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजना र वृद्ध अवस्था सुरक्षा योजनाअन्तर्गत आर्थिक सहायता प्राप्त गर्नेछन्। यतिखेर देशको आर्थिक व स्थिति कमजोर छ। रोजगारी र जीविकामा परेको क्षति अभूतपूर्व हुने देखिन्छ। मुखले मजदुरको कुरा गर्ने व्यवहार मजदुरको अहित गर्ने खालको छावगीय पक्षधरता हराउँदै दलाल र विचौलीयाको लागि काम गर्नेको बोलवाला छायसपाल अन्तर ष्ट्रिय मजदुर दिवस मनाइरहदा विश्वभरिका मजदुरहरूले रोजगारी गुमाउने,महँगीको मार खेप्नुपरेको छ। मजदुर मध्ये पनि सङ्गठित वा अनौपचारिक क्षेत्रमा काम गर्ने दैनिक ज्यालादारी, निर्माण क्षेत्रका श्रमिक तथा साना व्यापारमा समाहित कामदारहरू सबैभन्दा धेरै मर्कामा पर्ने देखिएको छ। जस्ले राज्यलाई भ्रुकाउन सक्छ उस्ले अधिकार र सुविधा पाउने काम नगर्दा चुल्हो नबल्नेको बोलिदिने राज्य संयन्त्र नहुँदा सहनुपर्ने बाध्यता छ।

आइएलओको अनुसार विश्वका डेढ अर्बभन्दा धेरै त्यस्ता मजदुरको रोजगारी जोखिममा परेको छ। कुनै वैकल्पिक आम्दानीको अभावमा यी मजदुर र तिनका परिवारको जीविका सङ्कटमा पर्नेछ। नेपालमा पनि लाखौँ मानिस असंङ्गठित क्षेत्रमा काम गर्छन्। विश्वमा त्यस्ता धेरै श्रमिक छन् जो साँझ खान र बस्नको निमित्त मात्रै आफ्नो भरदिन श्रममा खर्चिरहेका हुन्छन्। यही चुनौतीपूर्ण परिस्थिति आज नेपालले पनि व्यहोरिरहेको छ। सामाजिक सुरक्षा कार्यक्रम, वैदेशिक रोजगारीमा गएकालाई सामाजिक सुरक्षामा जोड्ने, असंगठित क्षेत्रका मजदुरको स्वास्थ्य र सुरक्षामा ध्यान दिनुपर्छ।चुनावको बेला मजदुरको कुरा गर्ने सरकारमा रहँदा कार्यान्वयन नगर्ने प्रवृत्ति छ।नेपालको अर्थतन्त्र विदेशमा काम गर्नेछ श्रमिकले पठाएको रेमिट्यान्सले योगदान पुऱ्याएको छातिनको कारण देश जेनतेन चलेको छ। वैदेशिक रोजगारीमा गएका श्रमिकको अधिकारका पक्षमा पैरवी र संबधित देशसंग सामाजिक सुरक्षा र श्रम अधिकारका लागि सार्थक पहल अहिलेको खाँचो हो।श्रमिक दिवसले सबैलाई यश विषयमा गम्भीरतापूर्वक सोच्न प्रेरित गरोस्। १३६ औ मइ दिवसको शुभकामना।

# पर्यटकीय गन्तव्यको प्रवर्द्धन गर्न फोटो यात्रा

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

नेपाल फोटो पत्रकार सङ्घ कास्कीले विभिन्न पर्यटकीय गन्तव्यको प्रवर्द्धनका लागि फोटो यात्रा अभियान सुरु गरेको छ।

हरेक गन्तव्यको प्रवर्द्धनका लागि फोटोको विशिष्ट महत्व हुने कुरालाई दृष्टिगत गर्दै फोटो यात्रा अभियान सुरु गरिएको नेपाल फोटो पत्रकार सङ्घ कास्कीका अध्यक्ष राम गुरुङले जानकारी दिनुभयो।

अभियान स्वरुप थालिएको फोटो यात्राका क्रममा सङ्घले होटेल बाराही ग्रुपको सहयोगमा चितवनको मेघौली र कास्कीको पोखरा महानगरपालिका वडा नं १३ को सहयोगमा उक्त वडाको आर्वास्थित महाप्रभुधामलाई समेटिसकेको उहाँले बताउनुभयो।

अभियानलाई व्यवस्थित एवम् दीर्घकालीन रुपमा सञ्चालन गर्ने लक्ष्यका साथ सङ्घले अक्षयकोष स्थापना गरी यसलाई विस्तार गर्ने योजनासमेत अघि बढाएको छ। अध्यक्ष गुरुङ र सदस्य सञ्जय शाक्यले जनही रु १०/१० हजार जम्मा गरी सुरु गरिएको अक्षयकोषको विस्तारका लागि सम्बद्ध सबैसँग आह्वानसमेत गरिएको छ। यस अभियानका माध्यमबाट देशका विभिन्न पर्यटकीय गन्तव्यको प्रवर्द्धनमा विशिष्ट योगदान पुऱ्याउने लक्ष्य राखिएको अध्यक्ष गुरुङले बताउनुभयो।

# दुई पालिका जोड्ने सेती नदीमा पक्की पुल निर्माण हुँदै

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख

जिल्लाको व्यास नगरपालिका र ऋषिङ गाउँपालिका जोड्ने सेती नदीमाथि मोटर गुड्ने पुल निर्माणको काम धमाधम भइरहेको छ। व्यासको वडा नम्बर-३ को देउराली नगर र ऋषिङ गाउँपालिका-१ को भ्रापुटार जोड्ने पुलको निर्माण कार्यले गति लिएको हो।

निर्माण कम्पनीको ढिलासुस्तीले केही समय पुल निर्माणकार्य रोकिएकोमा हाल भने धमाधम काम भइरहेको छ। पुलको भौतिक प्रगति ४८ प्रतिशत पुगेको पूर्वाधार विकास कार्यालय तनहुँका प्रमुख सिनियर डिभिजन इन्जीनीयर रवीन्द्र तिवारीले जानकारी दिनुभयो। "पटक-पटक ताकेता गरेपछि निर्माण कम्पनीले हाल तीव्र रूपमा काम गर्न थालेको हो", उहाँले भन्नुभयो "पुलको स्टील पार्टसको निर्माण हुने भएकाले फेब्रिकेसन कार्य भइसकेको छ।" दुई 'स्पाम' मध्ये चालु आर्थिक वर्षमा एक 'स्पाम' निर्माणकार्य पूरा हुनेगरी काम गरिरहेको छ, भने बाँकी अर्को एक 'स्पाम' निर्माणको लागि निर्माण कम्पनीले भारतबाट समान ल्याइसकेको उहाँले बताउनुभयो। गण्डकी प्रदेश सरकारको रू ३२ करोड ४० लाख २७ हजार तीन सय ९४ को लागतमा पुल निर्माण भइरहेको तिवारीले जानकारी दिनुभयो। कार्यालयका अनुसार पुल निर्माणका लागि विसं २०७७ मङ्सिर १९ गते रसुवा इलाइट जेभी काठमाडौँसँग सम्भौता भएको थियो। एक सय ५५ मिटर लामो रहने पुलको चौडाइ ९ दशमलव ५० मिटर रहनेछ। पाइल फाउण्डेशनमा निर्माण हुने पुल 'स्टील टस' को हुनेछ।

उक्त पक्की पुल तीन वर्षमा निर्माण सम्पन्न गर्ने म्यादसहित विसं २०७७ चैत २३ गते पक्की पुल शिलान्यास गरिएको थियो। सम्भौता अनुसार काम भएको भए यतिबेला पुल बनेर गाडी गुडिसकेको हुने थियो।

सम्भौताको अवधिमा विसं २०८० जेठ ९ गतेसम्म पुल निर्माण सम्पन्न गर्नुपर्ने थियो। उक्त पुलको हालसम्म तीन पटक म्याद थप भइसकेको र अन्तिम पटकका लागि विसं २०८२ असोजसम्म म्याद थप गरिएको कार्यालयले जनाएको छ।

पुल निर्माणपछि व्यास नगरपालिका ऋषिङ गाउँ पालिकाका जनतालाई आवतजावतमा सहज हुनेछ। हाल सोही ठाउँमा भोलुङ्गे पुलबाट मानिस र मोटरसाइकल आवतजावत गर्छन्। त्यसको करिब एक किलोमिटरमाथि तनहुँ जलविद्युत् आयोजनाको सहयोगमा पक्की पुल निर्माण गरिएको छ। त्यहाँबाट दमौली आउनुपर्दा करिब तीन किलोमिटर दूरी तय गर्नुपर्छ।

पुल निर्माण पूरा भएपछि दमौली आउन पाँच सय मिटर दूरी मात्रै लाग्छ। भोलुङ्गे पुलबाट मोटरसाइकल गुडाइँदिँदा पैदलबाट वारपार गर्नेलाई समस्या हुँदै आएको छ। स्थानीयवासीले वर्षौँदेखि सेतीनदीमाथि पक्की पुलको माग गर्दै आएका थिए। पुल निर्माणले गति लिएसँगै स्थानीय बासिन्दामा खुसी छाएको ऋषिङ गाउँपालिकाका अध्यक्ष राजेन्द्रकृष्ण श्रेष्ठले जानकारी दिनुभयो।

# काउरेमा शकंरानन्दको मुर्ति अनावरण

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख



पोखराको प्रसिद्ध धार्मिक पर्यटकिय स्थल अम्मरेश्वर शिवालयमा संस्थापक अनन्त श्री स्वामी शंकरानन्द गिरीजी महाराजको शालिक अनावरण गरिएको छ।

पोखरा १९ काउरेस्थित शिवालय परिसरमा स्थापना गरिएको अर्ध कदको शालिकको बुधबार एक कार्यक्रमका बीच महेश संन्यास आश्रम देवघाटका पिठाधिश श्री १ हजार ८ स्वामी रमणानन्द गिरिले अनावरण गर्नुभयो।

कार्यक्रममा बोल्दै पिठाधिश गिरिले यस क्षेत्रको धार्मिक जागरण फैलाउन शंकरानन्द महाराजको भुमिका अतुलनीय रहेको बताउदै, उहाँको शालिक अनावरण गर्न पाउँदा आफू धन्य भएको बताउनुभयो। कार्यक्रममा पोखरा १९ का वडाध्यक्ष पुष्पेन्द्र पाण्डे, नेपाल सरकारका पुर्व सचिव बाबुराम आचार्य, धार्मिक व्यक्तित्व तिलक बास्तोला, निलकण्ठ बास्तोला, कमल बास्तोला, शंकरानन्द महाराजका नाती साहित्यकार शालिग्राम आचार्य, पनाती श्यामसुन्दर आचार्य, शिवालयका पुजारी राम गिरी, भरत गिरी लगायतले अम्मरेश्वर शिवालयको स्थापनामा उहाँले खेलेको भुमिकाको चर्चा गरेका थिए।

रमणानन्द गिरी सो आश्रमको समेत पिठाधिश हुनुहुन्छ।उक्त शालिक गिरी महाराजका सन्ततीहरूले निर्माण गरेका हुन्।

# तनहुँको श्याम्घामा पचास रोपनीमा अदुवाखेती

**पोखरापत्र संवाददाता**
तनहुँ, १७ बैशाख



एक सय ३६औँ अन्तराष्ट्रिय मजदुर दिवसका अवसरमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)को भ्रातृ सङ्गठन अखिल नेपाल ट्रेड युनियन महासङ्घले पचास रोपनीमा अदुवाखेती प्रारम्भ गरेको छ।

यसको आरम्भ पार्टी केन्द्रीय सदस्य आशा कोइरालाले गर्नुभएको हो। जिल्लाको व्यास नगरपालिका-६ श्याम्घामा ५० रोपनी जग्गामाअदुवाखेती थालिएको हो। उत्पादित अदुवा बिक्रीबाट प्राप्त हुने रकम महासङ्घमा आबद्ध सदस्यका परिवारको जीविकोपार्जनमा उपयोग गरिने जनाइएको छ। अखिल नेपाल ट्रेड महासङ्घका केन्द्रीय सदस्य तथा गण्डकी प्रदेश सहसचिव सूर्यभक्त पौडेलका अनुसार मङ्गलबार २० जना सङ्गठनका पदाधिकारी सहभागी भएर आधुनिक विधिबाट अदुवा रोपिएको हो। पहिलो चरणमा एक सय धार्नी अदुवा रोपिएको छ भने यस वर्ष पाँच सय धार्नी बीउ रोप्ने लक्ष्य छ। बाँदरले नोक्सान नगर्ने, धेरै लगानी र परिश्रम गर्न नपर्ने भएकाले अदुवाखेतीलाई प्राथमिकता दिइएको महासङ्घ तनहुँका अध्यक्ष वीरबहादुर थापाले बताउनुभयो।

# गण्डकी प्रदेशमा बजेटको तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, १७ बैशाख

गण्डकी प्रदेश सरकारको आर्थिक मामिला मन्त्रालयले आगामी आर्थिक वर्ष २०८२/८३ को बजेट निर्माणका लागि तयारी थालेको छ।

बजेट तर्जुमा र समन्वयका विषयमा स्थानीय तहहरूसँग पूर्वतयारी छलफल भइरहेको मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाका प्रमुख डिल्लीराम रिज्यालले जानकारी दिनुभयो। नवलपुर र तनहुँमा बजेट पूर्वतयारी छलफल भइसकेको उहाँको भनाइ छ। "निजी क्षेत्रका उद्योगी, व्यवसायी र अर्थ विज्ञसँग पनि बजेट निर्माणबारे छलफल भइरहेको छ", महाशाखा प्रमुख रिज्यालले भन्नुभयो, "आगामी जेठ १ देखि ११ गतेसम्म विषयगत मन्त्रालयसँग छलफल गर्दैछौँ।" बजेट निर्माणमा सम्बन्धित निकाय र सरोकार भएका पक्षहरूको अपेक्षा र रायसुझाव लिइएको उहाँले बताउनुभयो। छलफलका क्रममा स्थानीय तहहरूले बजेट समावेशी र प्रभावकारी बनाउन सुझाव दिएको उहाँको भनाइ छ। "बजेट निर्माणको प्रक्रियालाई सहभागितामूलक बनाउन पूर्वतयारी छलफलले मन्त्रालयलाई महत्वपूर्ण सहयोग पुगेको छ", उहाँले भन्नुभयो।

चालु आवको तुलनामा आगामी आवको बजेटको आकार घट्ने देखिएको उहाँको भनाइ छ। समानीकरण अनुदानमा भएको कटौती र राजश्व खुम्चँदा बजेट घट्ने भएको हो। चालु आवमा प्रदेश सरकारले रु ३२ अर्ब ९७ करोडको बजेट ल्याएको थियो। आगामी आवका लागि रु २९ अर्ब ५० करोड बराबरको बजेट 'सिलिङ' तोकिएको महाशाखा प्रमुख रिज्यालले जानकारी दिनुभयो। प्रदेश सरकारले असार १ गते बजेट ल्याउनुपर्ने संवैधानिक व्यवस्था छ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : स्वास्थ्यमा सुधार | तुला | : शारीरिक झमेला |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शत्रुको भय |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : शुभ यात्रा |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।



**नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण**

योजनाको नाम : कोरलतरी कल्भर्ट देखि ढल व्यवस्थापन
ठेगाना : पोखरा-३२
योजना सम्झौता मिति : २०८१/१२/०३
योजना शुरु मिति : २०८१/१२/०४
योजना सम्पन्न हुने मिति : २०८२/०१/२५
योजना सम्पन्न भएको मिति : २०८२/०१/१७
कूल लागत : रु. ८,२५,०००
महानगरपालिकाबाट : रु. ७,००,०००
जनसहभागिता : रु. १,२५,०००

**कृष्ण बहादुर थापा मगर**
अध्यक्ष
**कोरलतरी कल्भर्ट देखि ढल व्यवस्थापन उपभोक्ता समिति**

# मनाङमा यार्सागुम्बा सङ्कलन गरिँदै

**रासस**
मुस्ताङ, १६ बैशाख

मनाङमा यार्सागुम्बा सङ्कलन थालिएको छ । मनाङसँगै लमजुङ, गोरखा, धादिङलगायतका जिल्लाबाट सर्वसाधारण यार्सागुम्बा सङ्कलन गर्न यहाँ आएका छन् ।

संरक्षण क्षेत्र व्यवस्थापन नियमावली २०५३, संरक्षण व्यवस्थापन निर्देशिका २०५६, हिमाली क्षेत्रमा रहेका राष्ट्रिय निकुञ्ज, आरक्षण संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रमा यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका २०८० र अन्य प्रचलित कानुनबमोजिम अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना इलाका संरक्षण कार्यालयबाट यार्सागुम्बा तथा अन्य जडीबुटी सङ्कलन गर्न अनुमति लिन थालेका छन् । अनुमति प्राप्त भएपछि मात्र संरक्षण व्यवस्थापन समितिले सङ्कलनकर्तालाई आफ्नो क्षेत्रभित्र सङ्कलन पुर्जी दिने गरिएको छ । जिल्लाका सबै स्थानीय तहभित्रका संरक्षण क्षेत्रका वन क्षेत्रमा यार्सागुम्बा सङ्कलनको अनुमति दिने तथा जिल्लाबाहिरका नागरिकलाई यार्सागुम्बा सङ्कलनको अनुमति सम्बन्धित संरक्षण व्यवस्थापन समितिले दिने अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) इलाका संरक्षण कार्यालय प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । यार्सागुम्बा सङ्कलनका लागि स्वीकृति पाएपछि मात्रै सङ्कलक हिमाली भेगतर्फ लाग्छन् । नार्पाभूमिका लेकमा जिल्लाभित्रका नागरिकलाई यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिइएको छभने बाहिरी जिल्लाका नागरिकलाई भने अनुमति दिइएको छैन । उहाँले भन्नुभयो, "विकट भएकाले सुरक्षाको चुनौतीलाई ध्यानमा राखेर नार्पाभूमिमा यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिइएको छैन । अन्य स्थानीय तहमा यार्सागुम्बा सङ्कलनको अनुमति दिइएको छ ।"

एक्याप इलाका कार्यालय मनाङको संयोजकत्वमा संरक्षण क्षेत्र व्यवस्थापन समितिले यार्सागुम्बा सङ्कलनका लागि अनुमति दिएपछि मात्रै लेक जान पाउने प्रावधान छ । यार्सागुम्बा सङ्कलनका निम्ति नाम्या लेकमा स्थानीयका साथै बाहिरी जिल्लाबाट आएका व्यक्तिलाई सङ्कलन अनुमति दिइन्छ ।

प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जिल्लाभित्र यार्सागुम्बा सङ्कलनको समय सुरु भएसँगै सुरक्षा व्यवस्थामा कडाइ गरिएको बताउनुभयो । उहाँले सुरक्षाको जोखिमलाई ध्यानमा राख्दै अप्रिय घटना हुनबाट सजगता अपनाइएको बताउनुभयो । नासों गाउँपालिका–८ ताचेस्थित नाम्या लेकबाट यार्सागुम्बा सङ्कलन थालिएको संरक्षण क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष एवं नासों–८ का वडाध्यक्ष याद घलेले जानकारी दिनुभयो ।

वैशाखदेखि असार मसान्तसम्म यार्सागुम्बा सङ्कलन गर्ने उपयुक्त समय हो । नार्पाभूमि गाउँपालिकाका अध्यक्ष कोन्जो तेन्जिङ लामाले अहिले यार्सागुम्बा सङ्कलन गरिने भए पनि बाह्य जिल्लाका सङ्कलकलाई अनुमति नदिइएको बताउनुभयो । उहाँले भन्नुभयो, "सुरक्षाको चुनौतीकै कारण बाह्य जिल्लाबाट आउने यार्सागुम्बा सङ्कलकलाई रोक लगाएका छौँ । स्थानीयलाई मात्र सङ्कलनको अनुमति दिँदै आएका छौँ ।" नार र फुमा अन्य जिल्लाबाट आउने सङ्कलकलाई यार्सागुम्बा सङ्कलनमा रोक लगाइएको बताउनुभयो । नार्पाभूमिको नार र फू संरक्षित र निषेधित दुवै क्षेत्र भएकाले सुरक्षाको दृष्टिबाट पनि विगतको जस्तो अवस्था सिर्जना नहोस् भनी यस्तो निर्णय गरिएको हो । जिल्लाका अन्य हिमाली भेगमा वैशाखदेखि र नार्पाभूमिमा जेठदेखि मात्रै यार्सागुम्बा सङ्कलन गरिन्छ । यार्सागुम्बा सङ्कलनकर्ताबाट सङ्कलन गरेको यार्सागुम्बा खरिद गर्न आउने व्यक्तिलाई जिल्लाका भएमा प्रतिव्यक्ति रु २० हजार र जिल्लाबाहिरका खरिदकर्तालाई प्रतिव्यक्ति रु ४० हजारका दरले संरक्षण क्षेत्र व्यवस्थापन समितिले दस्तुर लिने गरेको छ । पुर्जी काटेर सङ्कलन गर्न अनुमति दिइन्छ । रु ३५ हजारमा पुर्जी काटिसकेपछि मात्रै स्थानीय तथा बाह्य जिल्लाबाट आउने सङ्कलकलाई समितिले सहज रूपमा लेकतर्फ जान अनुमति दिइन्छ । चारवटा स्थानीय तह रहेको मनाङमा धारापानी र थोँचेबाहेक सबैमा यार्सागुम्बा पाइन्छ । मनाङको नाम्य लेक, किन्चो लेक, याक लेक, पिसाङ लेक, फू लेक, मनाङ लेक, आइस लेक, स्याक्यु लेक, थोराङ्ला लेकलगायतका क्षेत्रमा यार्सागुम्बा बढी मात्रामा पाइन्छ ।

# मुस्ताङमा हिउँ चितुवाको आक्रमणबाट आठ च्याङ्ग्रा मरे

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १७ बैशाख

यहाँ हिउँ चितुवाको आक्रमणबाट दुई गोठका आठ च्याङ्ग्रा मरेका छन् ।

वारागुङ मुक्तिक्षेत्र गाउँपालिका–५ धार्काजुङ गाउँमा गएको मध्यरातमा हिउँ चितुवाले स्थानीय च्याङ्ग्रा पालक किसानको खोरभित्र पसेर आठ च्याङ्ग्रा मारेको वारागुङ मुक्तिक्षेत्र–५ का वडाध्यक्ष सुरेन्द्र गुरुङले जानकारी दिनुभयो । च्याङ्ग्रा पालक किसान डातर गुरुङका ५० मध्ये चार खसी र एक माउ गरी पाँच च्याङ्ग्रा हिउँ चितुवाको आक्रमणबाट मरेका छन् ।

हिउँ चितुवा मध्यरातमा गाउँभित्रको ढुङ्गा र माटोले बनेको गोठको क्षेत्रभित्र पसेर च्याङ्ग्रा मारेर क्षति तुल्याएको च्याङ्ग्रा पालक गुरुङको भनाइ छ। हिउँ चितुवाको आक्रमणबाट च्याङ्ग्रा मर्दा रु दुई लाख २० हजार बराबरको नोक्सान भएको च्याङ्ग्रा उहाँले बताउनुभयो ।

यसैगरी सोही स्थानकै अर्को च्याङ्ग्रा पालक पेम्पा गुरुङ पनि च्याङ्ग्राको माउ र पाठासहित गरी तीन च्याङ्ग्रा हिउँ चितुवाको आक्रमण परी मरेका छन् । मध्यरातमा गोठको छतमाथि उक्लिएर गोठमा पसी ५२ च्याङ्ग्रामध्ये तीन हिउँ चितुवाले मारेको पशुपालक पेम्बाले बताउनुभयो । उहाँका अनुसार अर्को एक पाठोसमेत हिउँ चितुवाको आक्रमणबाट घाइते भएको छ। हिउँ चितुवाको आक्रमणबाट च्याङ्ग्रा क्षति हुँदा रु ६५ हजार बढीको घाटा भएको पशुपालक पेम्बाले सुनाउनुभयो ।

हिउँ चितुवाले मुस्ताङको धार्काजुङमा च्याङ्ग्रा मारेको सूचनापछि गाउँपालिकाका अध्यक्ष रिन्जिङ नाम्गेल गुरुङ, वडाध्यक्ष गुरुङ, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) जोमसोमका प्रतिनिधिसहित प्रहरी चौकी कागबेनीबाट प्रहरी टोली घटनास्थलमा पुगेको थियो । स्थानीय जनप्रतिनिधि, च्याङ्ग्रा पालक, स्थानीय, एक्याप र सुरक्षा निकायको रोहबरमा हिउँ चितुवाले मारेको क्षति मूल्याङ्कन तथा घटनास्थलको विवरणसहितको मुचुल्का उठाउनेकार्य भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिनुभयो । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाका कार्यक्रम व्यवस्थापक एवं हिउँ चितुवा विज्ञ डा मधु क्षेत्रीसमेतले घटनास्थलको अवलोकन गर्नुभएको थियो । हिउँ चितुवा विज्ञ डा क्षेत्रीले हिउँ चितुवा र मानवबीचको द्वन्द्व न्यूनिकरणका लागि आवश्यक अनुकुलनका उपाय अवलम्बन गर्न सरोकारवाला निकायले ध्यान दिनुपर्ने सुझाउनुभयो ।

उहाँले आहाराको कमीले गर्दा पनि हिउँ चितुवा बस्ती नजिकको गोठमा पसेर च्याङ्ग्रा क्षति गर्ने गरेकाले च्याङ्ग्रा गोठ सुधार पहिलो आवश्यकता रहेको औँल्याउनुभयो । उहाँले वन्यजन्तुको तथा हिउँ चितुवाको जोखिम न्यूनिकरण गराउन उच्चलेक र जङ्गलमा आहारा बढाउने गरी अनुसन्धान गर्नुपर्ने उल्लेख गर्नुभयो । गाउँपालिका अध्यक्ष गुरुङले मुस्ताङमा मानव र हिउँ चितुवाबिचको द्वन्द्व बढ्दै जान थालेकोप्रति चिन्ता व्यक्त गर्नुभयो ।

पालिका अध्यक्ष गुरुङले जलवायु परिवर्तनका कारण हिउँ चितुवाको आहारा नावर उच्चलेकबाट बेसी झर्न थालेको र त्यसलाई पछ्याउँदै गर्दा हिउँ चितुवाले पशु गोठमा क्षति पुर्‍याउने गरेको दाबी गर्नुभयो । उच्चलेकमा खानेपानीको स्रोत घट्ने र चरनक्षेत्रमा घाँस पलाउने कम हुँदा हिउँ चितुवाको आहारा नाउर बस्ती नजिक आउने गरेको अध्यक्ष गुरुङले जनाउनुभयो । स्थानीय किसानको पशुधनको रक्षा गर्न सरोकारवाला कार्यालयले भरपर्दो पूर्वाधार निर्माणमा अनुदानका कार्यक्रम ल्याउन आवश्यक रहेको अध्यक्ष गुरुङले सुझाउनुभयो ।

# वर्षाले फुल्न लागेको स्याउका बोटमा असर

**सुन्दरकुमार थकाली**
मुस्ताङ, १६ बैशाख/रासस

वर्षाले यहाँका फुल्न लागेको स्याउको बोटमा असर पुर्‍याएको छ । यसबाट स्याउ उत्पादन घट्ने प्रक्षेपण गरिएको छ । जिल्लामा स्थानीय जातका स्याउका बोटमा यसवर्ष निकै कम फूल फुलेको थिए ।

वर्षा भइहँदा फुल्दै गरेका स्याउ बोटमा असर पुर्‍याएकाले यस वर्ष स्याउ उत्पादन कम हुने प्रक्षेपण गरिएको शीतोष्ण बागवानी विकास केन्द्र मार्फा फार्मका कार्यालय प्रमुख पद्मनाथ आत्रेयले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, "गत वर्ष धेरै फूल फुलेर स्याउ उत्पादन बढी भएको थियो । यसवर्ष बोटमा सञ्चित इनर्जी निकै कम हुँदा फूल पनि निकै कम फुलेको थिए । फुलेका फूल पनि हावा र पानीले असर गर्‍यो । स्याउ बोटमा फूल धेरै फुल्न इनर्जी आवश्यकता पर्छ, बोटमा स्याउको फूल धेरै भए पनि अर्को वर्ष फूल फुलाउन स्याउ बोटले आवश्यक



सञ्चित इनर्जी प्राप्त गर्न सक्दैन ।" जिल्लामा गत वर्ष स्याउ उत्पादन राम्रो भएको केन्द्र प्रमुख आत्रेयले बताउनुभयो । गत वर्ष सात हजार ३३० मेट्रिक टन स्याउ उत्पादन भएको थियो । यसभन्दा अघिल्लो वर्षभन्दा सात सय ३४ मेट्रिक टन स्याउ उत्पादन वृद्धि भएको थियो । जिल्लाका स्थानीय जातका स्याउ बगैँचा बोटमा फूल कम देखिए पनि उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउको बोटमा भने खासै असर नपुगेको केन्द्र प्रमुख आत्रेयले सुनाउनुभयो । "हामीले कोवाङ, टुकुचे, मार्फा, स्याङ, ठिनी, जोमसोम र मुक्तिनाथका स्याउ बगैँचाका अवलोकन गरेका थियौँ, जहाँ स्थानीय जातका बोटमा फूल निकै कम देखिए पनि हाइब्रिड स्याउमा भने खासै असर परेको देखिएन ।" यस वर्ष स्थानीय जातका स्याउ कम फल्ने लक्षण देखिए पनि हाइब्रिड स्याउ उत्पादनमा कुनै असर नपर्ने केन्द्र प्रमुख आत्रेयको भनाइ छ ।

जिल्लामा स्याउ उत्पादनका लागि मौसमसमेत प्रतिकूल बनेको छ । स्याउको फूल फुल्दै गरेको अवस्थामा निरन्तरको वर्षा र कुहिरोका कारण स्याउ बोटको फूलमा फल लाग्न बाधक बनेको हो । अगौटे जातका फलफूल यतिबेला फूल फुलेर फल लागिसकेका छन् । अगौटे जातलाई वर्षाले असर नपुर्‍याए पनि ढिलो फूल फुल्ने मध्यम जातका फलफूलखेतीलाई निरन्तरको वर्षा र कुहिरोले असर पुर्‍याउने केन्द्र प्रमुख आत्रेयले उल्लेख गर्नुभयो । यहाँ फरकफरक स्थानमा लगाएको स्याउ बगैँचामा तापक्रम घटीबढी हुँदा कुनै स्थानमा ढिलो फूल फुल्ने र कुनै स्थानमा फूल फुलेर फल लागिसकेको केन्द्र प्रमुख आत्रेयको भनाइ छ। फूल लागेको स्याउ बोटमा वर्षाले असर नपुग्ने केन्द्रले जनाएको छ । यस वर्ष यहाँका स्याउ बगैँचामा फूल एकदमै कम फुलेकाले उत्पादन घट्ने लक्षण देखिएको थासाङ–१ टुकुचेका किसान सरोज तुलाचनले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "स्थानीय जातका स्याउ बोटमा असर पर्ने देखिए पनि उच्च घनत्वमा प्रविधिमा आधारित स्याउखेतीमा भने कुनै असर पर्दैन ।"

# वैकल्पिक सडक स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १७ बैशाख

राष्ट्रिय गौरवको आयोजना मध्यपहाडी लोकमार्गको विकल्पका रुपमा रहेको पाखुट्टे–झिम्पा–निसी सडक स्तरोन्नति गर्न थालिएको छ ।

विसं २०७३ मा ट्याक खुलेको उक्त सडकको स्तरोन्नति गर्न थालिएको हो । ढोरपाटन नगरपालिका–२ पाखुट्टेदेखि निसीखोला गाउँपालिका–५ निसीसम्म २५ किलोमिटर रहेको उक्त सडकको दुई खण्डमा स्तरोन्नति गर्न थालिएको छ । पहिलो खण्ड झिम्पाखोलादेखि ढाँडसम्मको पाँच किलोमिटर एम/एस टिएएस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सन र दोस्रो खण्ड पाखुट्टेदेखि माँडेसम्मको दुई किलोमिटर बागलुङ कालीगण्डकी निर्माण सेवाले जिम्मा लिएर काम गरिरहेका छन् । पहिलो खण्ड निसीखोला गाउँपालिकाले चालु आर्थिक वर्षमा सविनियोजन गरेको रु ९८ लाख ४७ हजार र दोस्रो खण्ड सङ्घीय सरकारले विनियोजन गरेको रु ५९ लाख ७३ हजार १७६ मा स्तरोन्नति हुन थालेको हो । पहिलो खण्ड गत चैत २२ गते सम्झौता गरी काम सुरु भएको थियो भने दोस्रो खण्ड २०८१ पुस २ गते सडक डिभिजन कार्यालय बागलुङमार्फत सम्झौता भएको थियो । यस खण्डमा सडक चौडा गर्ने, पर्खाल लगाउने र नाली निर्माण गर्ने काम अन्तिम चरणमा पुगेको सडक डिभिजन कार्यालयका इन्जिनियर सागर भण्डारीले जानकारी दिनुभयो । जेठ मसान्तसम्म सक्ने उक्त खण्डको काम अहिलेसम्म ९० प्रतिशत सम्पन्न भएको उहाँको भनाइ छ । पहिलो खण्डमा हालसम्म ३० प्रतिशत काम भएको एम/एस टिएएस इन्जिनियरिङ एण्ड कन्स्ट्रक्सनका प्रबन्ध निर्देशक इन्जिनियर रमेश अर्यालले जानकारी दिनुभयो । यस खण्डको विभिन्न ठाउँमा ह्युम पाइप हाल्ने, नाली निर्माण गर्ने र सडक फराकिलो बनाउने कार्य भइरहेको उहाँको भनाइ छ। आगामी असार १० गतेसम्म सक्ने गरी काम भइरहेको अर्यालले बताउनुभयो। पाखुट्टे–झिम्पा–निसी सडकका लागि गाउँपालिकाले अहिलेसम्म रु चार करोड बढी रकम खर्च गरिसकेको छ । यस सडक सुरुमा मध्यपहाडी लोकमार्गका लागि प्रस्तावित भए पनि विभिन्न अवरोध र विवादका कारण अर्कोपट्टिबाट लगिएको थियो । उक्त सडक नौ वर्ष अगाडि साविक निसी, बोहोरागाउँ र देवीस्थान गाविसले रु दुई–दुई लाख, अर्थ मन्त्रालयबाट रु ४० लाख, डोलीडार संस्थाबाट रु सात लाख, जिल्ला विकास समितिबाट रु आठ लाख संकलन गरि कूल रु ६१ लाखमा ट्याक खोलिएको थियो । निसीखोलाका प्रमुख प्रशासकीय अधिकृत जीवन पुन मगरले अघिल्लो आर्थिक वर्षहरूमा वैकल्पिक सडक स्तरोन्नति गर्नका लागि करोडौँ रकम खर्च गरिसकेको बताउनुभयो । सडक स्तरोन्नति नहुँदा स्थानीय लामो समयदेखि हिलो र धुलोबाट आजित हुने परेको भन्दै अब उक्त समस्याबाट मुक्त हुने उहाँको भनाइ छ। प्रमुख प्रशासकीय अधिकृत पुनले भन्नुभयो, "यो सडक खुलेको एक दशक हुन थाल्यो, स्रोत अभावका कारण एकैपटक सबै सडक स्तरोन्नति गर्न सकिँदैन, त्यसले गर्दा हरेक वर्ष थोरै थोरै बजेट विनियोजन गरेर काम हुँदै आएको छ, सबै खण्ड एकैपटक स्तरोन्नति गर्न नसकिँदा सडक छेउका नागरिकले हिलो र धुलोबाट समस्या भोग्नुपरेको छ, विस्तारै यो समस्या समाधान हुनेछ ।"

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं. २७ बुडाको चौर भित्री डहर बाटो स्तरोन्नती गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।
योजनाको नामः बुडाको चौर भित्री डहर बाटो स्तरोन्नति
ठेगानाः पोखरा–२७
योजना सम्भौता मितिः २०८१/०६/०९ गते
योजना शुरु मितिः २०८१/०६/१० गते
योजना सम्पन्न हुने मितिः २०८२/०१/३० गते
योजना सम्पन्न भएको मितिः २०८२/०१/१७ गते
योजनाको कुल लागतः रु.५,८८,२३५/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
जनसहभागिताबाटः रु.८८,२३५/-
उपभोक्ता समिति अध्यक्षः जय बहादुर वाग्ले
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४
अनुगमन समिति संयोजकः सूर्य बहादुर वाग्ले

**जागृति टोल विकास संस्था**
**पोखरा-२७**

# आँखा स्वास्थ्यमा नेपालको उल्लेखनीय प्रगति: स्वास्थ्यमन्त्री पौडेल

**रासस**
काठमाडौं, १७ बैशाख

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले आँखा स्वास्थ्यमा नेपालले विश्वमा नै फड्को मारेको बताउनुभएको छ ।

विश्वभरिका आँखा स्वास्थ्य क्षेत्रमा काम गर्ने विभिन्न सङ्घ संस्थाको छाता सङ्गठन इन्टरनेसनल एजेन्सी फर 'द प्रिभेन्सन अफ ब्लाइन्डनेस ' (आइएपिबी)द्वारा नेपालमा पहिलो पटक आयोजित सो 'इन साइट अफ लाइभ २०३०' नामक अन्तराष्ट्रिय सम्मेलनलाई आज यहाँ सम्बोधन गर्नुहुँदै उहाँले विश्वव्यापी आँखा स्वास्थ्य सेवाको लक्ष्य प्राप्त गर्न तर्फ काम गरिरहेको बताउनुभयो ।

मन्त्री पौडेलले आँखा नेपालमा आँखा उपचार नवीन उपचार पद्धति रहेको समेत बताउनुभयो । उहाँले सहरीकरण, बुढ्यौली र जीवनशैली परिवर्तनले आँखा स्वास्थ्य सेवाको माग बढाइरहेको बताउनुभयो । उहाँले दक्षिण–पूर्वी एसियामा अन्धोपन अझै पनि उच्च रहेको जनाउँदै सम्मेलनले आँखा स्वास्थ्य क्षेत्रमा उल्लेखनीय प्रगति गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। मन्त्री पौडेलले भन्नुभयो," आँखा सेवा पहुँच सुनिश्चित गर्न स्वास्थ्य मन्त्रालयले उच्च प्राथमिता दिएको छ ।" उहाँले नेपालले आँखा उपचारलाई अझ सुधार गर्नका लागि राष्ट्रिय स्वास्थ्य प्रणालीमा एकीकृत गर्ने तथा विद्यालय, कार्यस्थल र समुदायमा बलियो साझेदारी निर्माण गर्ने जानकारी दिनुभयो । नेपाल नेत्रज्योति सङ्घका अध्यक्ष प्राडा चेतराज पन्तले समुदायस्तरमा गुणस्तरीय आँखा स्वास्थ्यको पहुँच पुर्‍याउन सङ्घले अनवरत प्रयास गरिरहेको जानकारी दिनुभयो ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१८
यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०८१/१०/२८ मा स्वीकृती प्राप्त भई साविक कम्पनीबाघखोरनिर्माणसेवाप्रा.लि. अंग्रेजीमाBaghkhor Nirman Sewa Ltd. (प्रा.लि.न.१९२८१२) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण धन, कर दायित्व आदि परिवर्तित नामको बाघखोर निर्माण सेवा प्रा. लि. अंग्रेजीमा Baghkhor Nirman Sewa Pvt. Ltd. ले सकार्ने व्यहोर्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।